# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९] काठमाडौं, मंसीर ५ गते २०३६ साल [अतिरिक्ताङ्क ४५

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "शिक्षा (दोस्रो संशोधन) ऐन, २०३६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा ऐन, २०२८ को दफा २ मा संशोधन: शिक्षा ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ज) पछि देहायका खण्ड (झ), (ञ) र (ट) थपिएका छन्:-

"(झ) "अनुमति" भन्नाले श्री ५ को सरकारले स्थायी स्वीकृति र सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ञ) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई श्री ५ को सरकारले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ट) "आवासीय विद्यालय" भन्नाले श्री ५ को सरकारबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।"

३. मूल ऐनको दफा १४ मा संशोधन: मूल ऐनको दफा १४ मा रहेको "राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गर्ने सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय शिक्षा पद्धतिको नीति कार्यान्वयन गर्ने सम्बन्धमा" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल ऐनको दफा १५ मा संशोधन: मूल ऐनको दफा १५ को शुरूमा रहेको "राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन गर्दा" भन्ने शब्दहरू झिकिएका छन् र सोही दफाको अन्त्यमा रहेको "सक्नेछ" भन्ने शब्दको अगाडि "वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन" भन्ने वाक्यांश थपिएको छ ।

५. मूल ऐनको दफा १६ मा संशोधन: मूल ऐनको दफा १६ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छ:-

"(२) यो ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको विद्यालय वा दफा १५ बमोजिम व्यवस्था गरिएको विद्यालयको सम्पत्ति श्री ५ को सरकार वा तोकिएको अधिकारीले अन्य विद्यालयको काममा प्रयोग गराउन वा अन्य विद्यालयलाई हस्तान्तरण गर्न सक्नेछ । त्यस्तो सम्पत्ति कुनै विद्यालयको काममा नआउने भएमा प्रचलित कानून-बमोजिम बेचबिखन गराई प्राप्त हुन आएको रकम जिल्ला शिक्षा कोषमा जम्मा गर्न लगाउने छ ।"

४९४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल ऐनमा दफा १६ क. थप: मूल ऐनको दफा १६ पछि देहायको दफा १६ क. थपिएको छ:–

"१६क. विद्यालयलाई छुट र सुविधा: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको नाउँमा रजिष्ट्रेशन पारित गर्नु पर्ने जुनसुकै लिखत रजिष्ट्रेशन गर्नु परेमा रजिष्ट्रेशन दस्तूर लाग्ने छैन।"

७. मूल ऐनको दफा १८ मा संशोधन: मूल ऐनको दफा १८ को उप-दफा (२) को,–

(१) खण्ड (भ) मा रहेको "र" झिकिएको छ।

(२) खण्ड (म) पछि देहायको खण्ड (य) र (र) थपिएका छन्:–

"(य) आवासीय विद्यालय सञ्चालन गर्ने,

(र) आफ्नै स्रोतमा सञ्चालन भएका विद्यालयको व्यवस्थाको सम्बन्धमा।"

लालमोहर सदर मिति:–२०३६।८।५।४

आज्ञाले–

ध्रुववर सिंह थापा

श्री ५ को सरकारको सचिव

492

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।